# मैले कहाँ परीक्षण गराउन सक्छु ?

**यदि तपाईंको बीमा छ भने** परीक्षण अनुरोध गर्न तपाईंले आफ्नो चिकित्सक वा क्लिनिकलाई सम्पर्क गर्न सक्नुहुन्छ।

**यदि तपाईंको बीमा छैन भने** क्लिनिक फेला पार्नमा सहायताका लागि 211 मा फोन गर्नुहोस्। नयाँ बिरामीको रूपमा नाम दर्ता गर्नका लागि तपाईंले स्वास्थ्य विभागको प्राइमरी केयर क्लिनिक्स (प्राथमिक स्याहार क्लिनिक) लाई 503.988.5558 मा पनि फोन गर्न सक्नुहुन्छ।

---

**COVID-19 का लक्षणहरू देखिएका सबै जना र तिनीहरूसँग नजिकको सम्पर्कमा रहेका व्यक्तिहरूका लागि निम्न निःशुल्क परीक्षणका साइटहरू खुला छन्।** श्वेत वा युरोपेली बाहेकका मानिस, स्वास्थ्य बीमा वा नियमित स्वास्थ्य सेवा प्रदायक नभएका मानिसहरूलाई प्राथमिकता दिइने छ।



परीक्षण साइटको समय वा स्थानहरू परिवर्तन हुन सक्ने छन् र नयाँ साइटहरू थप्न सकिने छ। अपडेटहरूका लागि फोन गर्नुहोस्।

## मल्टनोमाह काउन्टी परीक्षण

अपोइन्टमेन्ट वा थप जानकारीका लागि **503.988.8939** मा फोन गर्नुहोस्। परीक्षण गराउनका लागि तपाईं मल्टनोमाह काउन्टीको बिरामी हुनैपर्छ भन्ने छैन।

- **East County Health Center - Parking Lot**
  600 NE 8th St, Gresham
  सोमबार र बिहीबार - बिहान 9:00 बजेदेखि बेलुका 3:45 बजेसम्म
- **Rockwood Community Testing - Latino Network**
  312 SE 165th Ave, Portland
  शनिबार - बिहान 9:00 बजेदेखि बेलुका 3:45 बजेसम्म
- **Mid County Community Testing - IRCO**
  10301 NE Glisan St, Portland
  शुक्रवार - 12:00 बजेदेखि बेलुका 6:00 बजेसम्म

## OHSU परीक्षण

OHSU ले अहिले पोर्टल्याण्ड र हिल्सबोरोमा परीक्षण उपलब्ध गराइरहेको छ। तपाईंलाई अपोइन्टमेन्ट आवश्यक पर्दैन। हालका स्थान र समयहरूका लागि 833.647.8222 मा फोन गर्नुहोस्।

---

**कुनै प्रश्नहरू छन्?**
पछिल्लो जानकारीका लागि 211 मा फोन गर्नुहोस
वा *multco.us/covid19* मा जानुहोस्।

@MultCoHealth

LatinoNetwork IRCO Multnomah County Health Department